# आठबीस नगरपालिका

## स्थानीय राजपत्र

| खण्डः१० | संख्याः१ | मितिः२०८३।०१।१० |
|---|---|---|

## भाग-२

**आठबीस नगरपालिका, नगर कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

### आठबीस नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, नवीकरण तथा नियमन सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावना:** आम नागरिकलाई सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम सरकारी, निजी, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य संस्थाहरूको सेवा विस्तार, स्तरवृद्धि तथा सञ्चालनलाई व्यवस्थित गर्न, त्यस्ता संस्थाहरूले पालन गर्नुपर्ने न्यूनतम मापदण्ड निर्धारण गर्न तथा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान गर्ने प्रक्रिया सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधान, जनस्वास्थ्य सेवा नियमावली, २०७७ को दफा १२ को उपदफा (२) तथा अनुसूची—९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र स्थानीय तहका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम आठबीस नगरकार्यपालिकाले यो कार्यविधि, बनाई लागु गरेको छ।

### परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम "आठबीस नगरपालिकाको स्वास्थ्य संस्था दर्ता,

नविकरण तथा नियमन सम्बन्धी कार्यविधि २०८३” रहेको छ।

(२) यो कार्यविधि आठबीस नगरपालिकाको नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अनुगमन समिति" भन्नाले आठबीस नगरपालिकाले गठन गर्ने अनुसुची-१ बामोजिमको समिति सम्झनु पर्छ।

(ख) “अनुमति प्रदान गर्ने निकाय” भन्नाले आठबीस नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।

(घ) "प्रादेशिक स्वास्थ्य संरचना" भन्नाले प्रदेश अन्तर्गत रहने स्वास्थ्य सम्बन्धि मन्त्रालय, विभाग, वा कार्यालयलाई समेत सम्झनु पर्छ।

(ङ) “अस्पताल” भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उदेश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजि अस्पताल, नर्शिङ्ग होम, सामुदायिक अस्पताल वा सहकारी अस्पताल तथा शिक्षण अस्पताल सम्झनु पर्छ।

(च) "सरकारी अस्पताल" भन्नाले नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व (नेपाल सरकारको कम्तीमा एकाउन्न प्रतिशत लगानी) रहने गरी सार्वजनिक हितका लागि स्थापना भएको वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्छ।

(छ) “आयुर्वेद अस्पताल” भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ र सो सब्दले आयुर्वेद चिकित्सा पद्धतिबाट उपचार गरि सञ्चालन गरिएको नर्सिङ्ग होम, पोलि क्लिनिक, पञ्चकर्म अस्पताल समेत सम्झनु पर्छ।

(ज) "सहकारी अस्पताल" भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उदेश्यले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(झ) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई समुदायकै

लगानी र व्यवस्थापनमा संचालन हुने गरी मुनाफा रहित उदेश्य लिइ अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ञ) "कन्सल्टेन्ट" भन्नाले सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर (डिग्री) प्राप्त गरेको वा तोकेए बमोजिमको विशेषज्ञ तालिम प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको विशेषज्ञ चिकित्सक सम्झनु पर्छ।

(ट) "गैरसरकारी अस्पताल" भन्नाले मुनाफा रहित उदेश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ठ) "डाईग्नोस्टीक सेन्टर" भन्नाले निदानात्मक सेवाहरु जस्तै प्रयोगशाला सेवा, रेडियोईमेजिङ जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ।

(ड) "निजि अस्पताल वा नर्सिङ होम" भन्नाले स्वास्थ्य सेवा पर्दान गर्ने उदेश्यले प्रचलित कानून बमोजिम संस्थापन भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजि अस्पताल वा नर्सिङहोम सम्झिनु पर्छ।

(ढ) "पोली क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै स्थानबाट कम्तिमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियोईमेजिङ, फिजियोथेरापी, परिवार योजना, खोप सेवा आदि जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झिनु पर्छ।

(ण) "स्वास्थ्य क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कुनै पनि ब्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धि आवश्यक परामर्श एकै स्थानबाट पाँच वटा भन्दा कम सेवा जस्तै बहिरङ सेवा, प्रयोगशाला, रेडियोईमेजिङ, फिजियोथेरापी, परिवार योजना जस्ता सेवा उपलब्ध गराउने संस्थालाई सम्झिनु पर्ध र सो शब्दले निजि क्लिनिक समेतलाई जनाउँदछ।

(त) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, शिक्षण अस्पताल, अस्पाल तथा अनुसन्धान, केन्द्र, पोली क्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन

गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद अस्पताल समेतलाई जनाउँछ।

(थ) "कार्यालय" भन्नाले आठबीस नगरपालिका, नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(द) “भवन संहिता ”भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहितालाई सम्झनु पर्दछ।

(ध) “भवन निर्माण मापदण्ड” भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड,२०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्बन्धी भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा अनुसूची-२ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ।

(न) “पारामेडिक्स” भन्नाले नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएका र नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले तयार पारेको Code of ethics for PCL Level को परिधिमा रही प्राक्टिस गर्न चाहने (सि.एम.ए. ,एच.ए.), नेपाल आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएका र नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले तयार पारेको Code of ethics for PCL Level को परिधिमा रही प्राक्टिस गर्न चाहने (वैद्य, कविराज) आदिलाई जनाँउदछ।

(ऩ) “पारामेडिक्स क्लिनिक” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श गर्ने स्वास्थ्य संस्थालाई जनाँउदछ।

(प) “पोषण केन्द्र” (Dietix Centre) भन्नाले पोषण सम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि यसै कार्यविधि वा प्रचलित कानून बमोजिम दर्ता तथा अनुमति प्राप्त संस्था सम्झनुपर्दछ।

(फ) “घरैमा दिईने स्वास्थ्य सेवा” (Home base care) भन्नाले विरामीहरुका लागि निजहरुको घरमा नै गई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनको लागि यसै कार्यविधि वा प्रचलित कानून बमोजिम दर्ता तथा अनुमति प्राप्त संस्था सम्झनुपर्दछ।

(ब) “हस्पिस तथा प्यालिएटिभ सेवा” (Hospice and Palliative care) भन्नाले उपचारबाट निको नहुने रोग लागि मृत्युको मुखमा पुगेका व्यक्तिहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनको लागि यसै कार्यविधि वा प्रचलित कानून बमोजिम दर्ता तथा अनुमति प्राप्त संस्था सम्झनुपर्दछ।

(भ) “संस्था दर्ता गर्ने निकाय” भन्नाले यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा संचालन अनुमति लिनुपूर्व प्रचलित कानून बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय सम्झनुपर्दछ।

(म) “होमियोप्याथिक” भन्नाले होमियोप्याथिक चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनुपर्दछ।

## परिच्छेद - २

## स्वास्थ्य संस्था दर्ता, सञ्चालन तथा नवीकरण सम्बन्धी व्यवस्था

३. **दर्ता नगरी संञ्चालन गर्न नहुने:** आठबीस नगरपालिका भित्र स्थापना भएका वा शाखा कार्यालय स्थापना भएका देहाय बमोजिमका स्वास्थ्य संस्थाले दर्ता, नवीकरण नगरि सञ्चालन गर्न पाउने छैन।

(क) फार्मेसि/औषधी पसल, स्वास्थ्य क्लिनिक, आयुर्वेद क्लिनिक, सोवारिग्पा (आम्ची) क्लिनिक, होमियोप्याथी क्लिनिक र यस्तै अन्य क्लिनिकहरु,

(ख) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अक्कुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु,

(ग) जेरियाट्रिक केन्द्र,

(घ) "डि" र "ई" वर्गको प्रयोगशाला,

(ङ) १५ शैया सम्मको अस्पताल,

(च) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्थाहरु,

४. **पुर्वाधार निर्माण मनसाय पत्रका लागि निवेदन दिनु पर्ने:** (१) यस कार्यविधि बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोउन्नति गरि स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पुर्वाधार निर्माण गर्ने प्रयोजनका लागि अनुसुची- ३ बमोजिमको ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा कार्यालयले निवेदन प्राप्त भएको ७(सात) दिन भित्र देहायका विवरणहरु परिक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ।

(क) प्रस्तावित स्वास्थ्य संस्थाका व्यवसायिक कार्य योजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या/जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पत्ताले पुर्याउने थप योगदान,

(३) अनुगमन समितिले उपदफा (२) मा उल्लेखित विषयको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन पन्ध्र दिन भित्र कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनका आधारमा पुर्वाधार निर्माणका लागि अनुमति दिनु उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले सात दिन भित्र कार्यालयले  बढीमा तीन वर्ष सम्मको समयावधी दिई पुर्वाधार निर्माणका लागि निवेदकलाई मनसाय (Letter of Intent) प्रदान गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधि भित्र मनासिव कारण पुर्वाधार निर्माण गर्न नसकेको भनी समयावधी थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा कार्यालयले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढ्ने गरि पुर्वाधार निर्माणका लागि समयावधी थप गर्न सक्नेछ।

(६) घर/कोठा वहालमा लिई स्वास्थ्य संस्था संचालन गर्ने भएमा घरवहाल सम्झौतापत्र र भवन स्वास्थ्य संस्था संचालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त भएको स्व-घोषणा गरी पेश गर्नु पर्दछ।

(७) उपदफा (६) बमोजिम स्व-घोषणा गरेको निवेदन पेश हुन आएमा, कार्यालयले निवेदन प्राप्त भएको सात दिन भित्र विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ। अनुगमन समितिले सात दिन भित्र विवरणहरु परीक्षण गरि प्रतिवेदन पेश गर्नुपर्नेछ।

**५. <u>सञ्चालन अनुमति/इजाजतपत्र दिन सकिने</u>:** (१) दफा (४) बमोजिम पुर्वाधार निर्माण कार्य सम्पन्न भएपछि सो पुर्वाधार तयार भएको ब्यहोरा सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा संचालन गर्न

आवश्यक कागजातहरु संलग्न गरि अनुसूची- ४ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिन सक्नेछ। तर स्वास्थ्य क्लिनिक, रेडियो इम्याजिङ सेवा तथा पोलिक्लिनिक स्थापना तथा संचालन अनुमतिको लागि अनुसूची- ५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा कार्यालयले निवेदन प्राप्त भएको मितिले सात दिन भित्र अनुगमन समिति खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको अनुगमन समितिले सात दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(४) कार्यालयबाट स्वीकृत उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस कार्यविधिमा उल्लेखित अन्य मापदण्ड पुरा गरेका स्वास्थ्य संस्थालाई कार्यालयले तोकिएको दस्तुर लिई अनुसूची-६ बमोजिमको ढाँचामा स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति/इजाजतपत्र दिन सक्नेछ। अनुमति/इजाजतपत्र प्राप्त स्वास्थ्य संस्थाले प्रत्येक वर्षमा नवीकरण गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिन भित्र निर्णय गरी सक्नु पर्नेछ र सो को जानकारि सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(६) यो कार्यविधि प्रारम्भ हुँदाको बखत स्वास्थ्य संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा (५) बमोजिम अनुमति नलिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले तोकिए बमोजिमको दस्तुर राखि एक पटकका लागि कार्यविधि बमोजिमको प्रकृया पुरा गरी सञ्चालन अनुमति दिन सक्नेछ।

(७) उपदफा (२) (३) र (५) बमोजिम तोकिएको म्याद भित्र कार्यालयले वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजुरी गर्न सक्नेछ।

(८) यसरी प्राप्त भएको उजुरी सम्बन्धमा माथिल्लो निकायले उपदफा (२), (३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यबस्था मिलाई सञ्चालन अनुमतिको

व्यस्था गरिदिन सक्नेछ।

६. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनुपर्नेः** स्वास्थ्य संस्थाले आफुले सेवा सञ्वालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरि सेवा सञ्चालन गर्न चाहेमा, यस कार्यविधि बमोजिमका प्रक्रिया पुरा गरी अनुमति लिनुपर्नेछ।

७. **नवीकरण गराउनु पर्नेः** (१) यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाको अवधि एक आर्थिक वर्षको हुनेछ, आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र नवीकरण गरि सक्नुपर्नेछ। तोकिएको अवधी भित्र नवीकरण नभएमा तोकिए बमोजिमको जरिवाना लिई नवीकरण गर्न सकिनेछ।

(२) नवीकरण गर्न चाहने स्वास्थ्य संस्थाले दफा १ बमोजिमको अवधी समाप्त भएको एक महिना भित्र अनुसूचि- ७ बमोजिमको निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले तोकिएको दस्तुर लिई एक वर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको नवीकरण गरिदिन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको अवधि सकिएको एक वर्ष भित्र नवीकरण नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमति/इजाजतपत्र स्वतः खारेज हुनेछ र सो को जानकारी सम्बन्धित निकायमा दिनु पर्नेछ।

८. **दर्ता, नवीकरण तथा जरिवाना दस्तुरः** यस कार्यविधि बमोजिम स्वास्थ्य संस्था दर्ता, नवीकरण तथा जरिवाना दस्तुर आठबीस नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

## परिच्छेद - ३

## गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्थाः

९. **स्वःमुल्याङ्कन गर्नु पर्नेः** **(१)** स्वास्थ्य संस्थाले आफुले प्रदान गरेका सेवाहरुको यस कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिमको गुणस्तर भए/नभएको सम्बन्धमा प्रत्येक वर्ष परिक्षण (स्वःमुल्याङ्कन) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३० (तिस) दिन भित्र आठबीस नगरपालिका समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई

सो प्रतिवेदन पेश गर्न आठबीस नगरपालिकाले निर्देशन दिनेछ। त्यस पछिको सात दिन भित्र पनि प्रतिवेदन पेश नगरेमा सञ्चालन अनुमति/इजाजतपत्र रद्ध गर्न सकिने छ।

१०. **अनुगमन तथा निरिक्षण गर्ने:** (१) आठबीस नगरपालिका, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयले आवश्यकता अनुसार सम्भावित जोखिम, भौतिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीमा आधारमा नमुना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस कार्यविधिको मापदण्ड पुरा नगरेमा सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रादेशिक स्वास्थ्य संरचना तथा मन्त्रालयले जुनसुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वास्थ्य संस्था र अनुमति प्रदान गर्ने निकायको समेत अनुगमन गर्ने सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पुर्वाधार पुरा नगरि सेवा सञ्चालन गरेको त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा एक महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ।

(४) निरिक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस कार्यविधि बमोजिमका गुणस्तर तथा पुर्वाधार मापदण्ड पुरा नगर्ने वा गुणस्तर परिक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित आठबीस नगरपालिकाले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरि आएका सेवा पुर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नु पुर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिव माफिको सफाई पेश गर्न मौका दिनुपर्नेछ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले बाधा गर्ने छैन।

(७) स्वास्थ्य सेवा संचालन सम्बन्धि अनुमति लिन प्रक्रिया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन। कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मिले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीका लागि सम्बन्धित परिषद्मा लेखी पठाईनेछ।

११. **निवेदन दिन सक्नेः** दफा १० को उपदफा (४) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस कार्यविधि बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५(पन्ध्र) दिन भित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनका लागि माथिल्लो निकाय समक्ष निवेदन दिन सक्नेछ। सो निकायको निर्णय अन्तिम हुनेछ।

१२. **स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्नेः** स्वास्थ्य सेवालाई गुणस्तरिय, प्रभावकारी तथा सुविधायुक्त बनाउन संचालनमा रहेका एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा संचालन गर्न चाहेमा सेवा संचालन गर्न आठबीस नगरपालिका समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले सयुक्त रुपमा निवेदन दिन सक्नेछन। तर गाभिने स्वास्थ्य संस्थाको शैया संख्या १५ वा सो भन्दा कम हुनु पर्नेछ।

१३. **अनुमति खारेजी तथा कारबाही सम्बन्धि व्यवस्थाः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आठबीस नगरपालिका स्वास्थ्य सेवा संचालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्नका लागि एक पटकका लागि निश्चित समय अवधि लिई सार्वजनिक सुचना प्रकाशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र स्वास्थ्य संस्था संचालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा (९) बमोजिमको अवधि भित्र अनुमति नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ।

## परिच्छेद - ४
## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

१४. **स्वास्थ्य सेवा सञ्चालनः** (१) यस कार्यविधि बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुंदैन।

(२) कसैले यस कार्यविधि बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्थालाई आवश्यक कानुनी कारवाहीका लागि

सोझै गृह मन्त्रालयमा वा जिल्ला प्रशासन कार्यालय मार्फत लेखी पठाउने छ र त्यस्तो संस्थाको संचालनलाई भविष्यमा स्वास्थ्य संस्था संचालन अनुमति प्रदान नगर्ने गरि अभिलेख समेत राखिनेछ।

(३) स्वास्थ्य संस्थाले आफ्नो उदेश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवामा समुचित व्यवस्था गरि स्वास्थ्य सेवा संचालन गर्ने सक्नेछ।

(क) आकस्मिक सेवा,

(ख) बहिरंग सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा,

(ङ) शल्यक्रिया सेवा,

(च) प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(छ) फार्मेसी सेवा,

(ज) फिजियोथेरापी सेवा,

(झ) रक्त सञ्चार सेवा,

(ञ) शवगृह सेवा,

(ट) अस्पताल व्यवस्थापन,

(ठ) वातावरण ब्यवस्थापन,

(ड) प्रसुति सेवा,

(ढ) सघन उपचार सेवा,

(ण) विशेषज्ञ सेवा,

(त) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन ।

**१५. <u>गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्डः</u>** (१) स्वास्थ्य संस्थाले दफा (३) बमोजिमको स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लेखित मापदण्डहरुको समेत पालना गरेको हुनु पर्नेछः

(क) बहिरंग विभागमा आउने विरामीको चापका आधारमा विरामी दर्ता, विशेषज्ञ परामर्श,

निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठन; निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न ईकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्य सञ्चालन निर्देशिका (Standard operating Manual) तयार गरि लागु गर्नु पर्नेछ।

(घ) स्वास्थ्य संस्थाले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाँउमा राखिएको हुनु पर्नेछ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(च) विरामी आफुले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्दछ।

(छ) विरामी वा विरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारि दिने व्यवस्था हुनु पर्नेछ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा राखिएको हुनु पर्नेछ।

(झ) सबैले देख्ने स्थानमा उजुरि पेटिका राखिएको हुनु पर्नेछ।

(ञ) जन गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जन गुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाउनु पर्नेछ। साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित व्यक्तिलाई जानकारि गराउनु पर्नेछ।

(ट) विरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको विरामी बडापत्र (Patient Charter) स्वास्थ्य संस्थामा नेपाल सरकारले तोकेको अनुसुची-८ को ढाँचामा तयार गरी सबैले देखिने गरि राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्नेछ।

(ठ) अस्पतालमा आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गर्नु पर्नेछ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मिहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग बिरुद्धको खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बानाएको हुनु पर्नेछ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ।

(त) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्य कार्यकर्ताबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(थ) अस्पतालमा रहेका शैया संख्याको दश प्रतिशत शैया आकस्मिक सेवाको लागि छुट्याईएको हुनु पर्नेछ र शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मिको व्यवस्था गरेको हुनु पर्नेछ र सोको विवरण अनुसुचि-९ बमोजिमको ढाँचामा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(द) आकस्मिक विभागबाट विरामी भर्ना गर्न, रिफर गर्ने, विरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनु पर्नेछ।

(ध) अस्पतालमा उपचारका लागि विपन्न, असहाय, बेवारिसे विरामीका लागि नगरपालिकाको सिफारिसमा कुल शैयाको १०% आठबीस नगरपालिकाका बासिन्दालाई छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ। यस्तो सेवामा व्यक्तिलाई दिइएको उपचारको छुट रकम गणना गरिने छैन।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी आठबीस नगरपालिकामा सो को प्रतिवेदन नियमित रुपमा पठाउनु पर्नेछ।

(प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमको सुविधाको व्यवस्था हुनु पर्नेछ र आवश्यक मात्रामा शैया छुट्याउनु पर्नेछ।

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पुर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्रको भवन निर्माण सम्बन्धि मापदण्ड अनुरुप हुनु पर्नेछ।

(ब) अस्पतालले विपद व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ। सो कार्यको लागि सम्पर्क ब्यक्ति तोकि सो को जानकारी आठबीस नगरपालिकालाई दिनुपर्नेछ।

(भ) सम्बन्धित स्वास्थ्य संस्थाले सुचना अधिकारी तोकी नगरपालिकालाई जानकारी दिनु पर्नेछ।

(म) स्वास्थ्य संस्थाबाट निस्किने फोहर मैलाको उचित व्यवस्थापनको तयारी हुनु पर्नेछ।

(२) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चितता प्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गुणस्तर चिन्ह लिन अस्पताललाई प्रोत्साहन गरिनेछ।

## परिच्छेद - ५

## अस्पताल सम्बन्धी मापदण्डहरु

**१६.** **अस्पतालको पुर्वाधार सम्बन्धी मापदण्डहरुः** अस्पतालले सेवा सञ्चालन गर्दा देहाय बमोजिमको पुर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

(क) अस्पताल रहने स्थान धुंवा, धुलो, ध्वनि, जल तथा जमिन प्रदुषणबाट मुक्त भएको।

(ख) अस्पताल रहने क्षेत्र र हाता भित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको।

(ग) अस्पताल स्थापना हुने स्थान सडक यातायातको पहुँच भएको।

(घ) पानी, बिजुलि र संचार सुविधा उपलब्ध भएको।

(ङ) सवारी साधन पार्किङ्गका लागि प्रयाप्त व्यवस्था भएको

(च) जोखिमपुर्ण फोहर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था गर्नुका साथै फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० बमोजिम फोहर व्यवस्थापनका लागि आवश्यक पुर्वाधार व्यवस्था मिलाएको।

**१७.** **अस्पतालको भवन सम्बन्धी मापदण्डहरुः** स्वास्थ्य संस्थाको भवन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य संस्थाको भवन निर्माण गर्दा भवन ऐन, २०५५ को दफा १० र ११ मा भएको व्यवस्था तथा अनुसुची -२ बमोजिम हुनु पर्नेछ।

(ख) विपद् व्यवस्थापन योजना तयार गरी सर्वसाधारणको जानकारीका लागि भवनमा सुरक्षा सम्बन्धि संकेत चिन्हहरु उपयुक्त स्थानमा स्पष्ट गरी राखिएको हुनु पर्नेछ।

(ग) अस्पताल भवनमा प्रशासनिक कार्यालय, बहिरंग विभाग, अन्तरंग विभाग, इमर्जेन्सी विभाग, प्रयोगशाला,फार्मेसी, रेडियोलोजी विभाग, क्यान्टिन, Central Sterile Supply Department (CSSD), Laundry लगायत अस्पतालको स्तर अनुरुप तोकिएको सेवाहरुको व्यवस्था हुनु पर्नेछ।

(घ) पुर्वाधारको हकमा "स्वास्थ्य भवन पुर्वाधारको डिजाईन तथा निर्माण सम्बन्धि निर्देशिका, २०७४ (पहिलो संसोधन २०७७)" अनुसार भवन डिजाईन भएको हुनु पर्नेछ।

(ङ) अस्पतालको क्षेत्रफल प्रति शैया न्युनतम ५५ बर्ग मिटरको हुनु पर्नेछ।

(च) प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा १४ वर्ग मिटर हुनु पर्नेछ।

(छ) अस्पताल भित्र प्रवेश गर्ने र बाहिर निस्किने द्धार संम्भव भए सम्म अलग अलग हुनु पर्नेछ।

(ज) सेवाग्राही र अस्पताल कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधन, एम्बुलेन्स, दमकल जस्ता सवारी साधनका लागि प्रयाप्त पार्किङ्गको व्यवस्था हुनु पर्नेछ।

(झ) अस्पतालले वगटेको कुल क्षेत्रफलको ५ प्रतिशत ग्रीन बेल्ट हुनु पर्नेछ।

(ञ) प्रतिक्षालयमा आवश्यकता अनुसार बस्ने कुर्सीको व्यवस्था हुनु पर्ने र सुचना पाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सुचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(ट) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपागं मैत्री हुनु पर्नेछ।

१८. <u>**उपचारात्मक सेवा सम्बन्धी व्यवस्थाः**</u> बहिरंग, अन्तरंग, आकस्मिक विभाग सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछः

**(क) बहिरंग विभागः**

(१) १५ शैया सम्मको अस्पतालले बहिरंग विभागमा देहायका सेवाहरु उपलब्ध गराउनु पर्नेछ।

- आधारभुत स्वास्थ्य सेवा,
- सामान्य चिकित्सा,
- सामान्य सल्यक्रिया,
- स्त्रीरोग तथा प्रसुती सेवा,
- बाल रोग तथा शिशु सेवा,
- सामान्य दन्त सेवा,

नोटः १५ शैया सम्मका अस्पतालले सम्बन्धित चिकित्सकको उपलब्धतामा आकस्मिक शल्यक्रिया सेवा प्रदान गर्न सक्ने छन् तर अन्य विशेषज्ञ सेवा दिन मिल्ने छैन।

(२) शैयाको आधारमा सेवाको मापदण्ड देहायको तालिका बमोजिम हुनु पर्नेछः

| क्र.सं | मापदण्ड | अस्पतालको शैया संख्या | | |
|---|---|---|---|---|
| | | ५ | १० | १५ |
| १ | विरामी नाम दर्ता कक्ष/स्थानको व्यवस्था | √ | √ | √ |
| २ | अस्पतालबाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाका लागि अलग अलग ओ.पी.डी. कक्षको व्यवस्था मिलाएका | - | - | √ |
| ३ | बहिरंग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा १४ वर्ग मीटरको हुनुपर्ने र कन्सल्टेन्टको युनिट वा सेवा अनुसार सिफ्ट अनुसार ओ.पी.डी. संचालन गर्न सकिने | √ | √ | √ |
| ४ | स्वास्थ्य संस्थाले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) | √ | √ | √ |
| ५ | व्हिलचेयर, ट्रलि, स्ट्रेचरको पर्याप्त व्यवस्था भएको | √ | √ | √ |
| ६ | व्हिलचेयर, ट्रलि, स्ट्रेचर राख्ने ठाउँ पर्याप्त भएको | √ | √ | √ |
| ७ | व्हिलचेयर, ट्रलि, स्ट्रेचर चलाउने मानिस पर्याप्त भएको | √ | √ | √ |
| ८ | विरामी वा विरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जाकारी (counselling) दिने व्यवस्था | √ | √ | √ |
| ९ | ओ.पि.डी. कक्षमा पर्याप्त फर्निचर सहितको प्रतिक्षालय | √ | √ | √ |
| १० | सूचना-पाटी, टि.बि. स्क्रिन, पोष्टर आदिबाट स्वास्थ्य सम्बन्धी र अस्पतालबाट प्रदान गरिने सेवा सम्बन्धि जानकारी दिने व्यवस्था | √ | √ | √ |
| ११ | महिला र पुरुषका लागि अलग अलग र आवश्यकता अनुसार अपाङ्गतामैत्री र जेष्ठ नागरिकमैत्री समेत शौचालयको व्यवस्था | √ | √ | √ |

**(ख) अन्तरंग विभागः-** अन्तरंग विभाग सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनु पर्नेछः

(१) जनरल वार्डको हकमा महिला र पुरुषको लागि अलग अलग वार्डको व्यवस्था हुनु पर्नेछ। यदि छुट्टै वार्डको व्यवस्था गर्न नसकिएको खण्डमा महिला विरामीको गोपनियता र सुरक्षाको प्रत्याभूति गर्नु पर्नेछ।

(२) अस्पतालमा वार्डको सुविधा हुने गरी ड्रेसिङ रुम, काउन्सेलिङ रुम आदिको व्यवस्था भएको हुनु पर्नेछ।

(३) अपाङ्गता भाएका विरामीहरुको व्यक्तिगत सरसफाई र लुगा फेर्ने प्रयोजनका लागि आवश्यक व्यवस्था हुनु पर्नेछ।

(४) एक जनरल वार्डमा अधिकतम पन्ध्र शैया भन्दा बढी राख्न नपाईने।

(५) एक क्युविकलमा छ शैया भन्दा बढी राख्न नपाईने।

(६) अस्पतालमा आवश्यकता अनुसार क्याबिन कोठाहरुको व्यवस्था हुनु पर्नेछ। कुल शैयाको बढीमा ३० प्रतिशत मात्र क्याबिन शैया राख्न पाइने छ।

(७) वार्डको लागि नर्सिङ स्टेशन हुनु पर्नेछ।

(८) नर्सिङ स्टेशनबाट प्रत्येक विरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्नेछ र उक्त सुविधा नभएमा प्रत्येक विरामीको शैयामा कल बेल राख्नु पर्नेछ।

(९) अस्पतालमा आवश्यकता अनुसार चेन्जिङ रुम, शौचालय, बाथरुम, स्टोर, नर्स तथा डाक्टरको डयुटी रुमको व्यवस्था गारिएको हुनु पर्नेछ।

(१०) प्रसूति सेवा प्रदान गर्ने अस्पतालको लेवर रुम र प्रसूति कक्षामा कम्तिमा एउटा कार्डियो-टोकोग्राफी मेशिन जडान भएका हुनु पर्नेछ।

(११) शैयाको आधारमा सेवाको मापदण्ड देहायको तालिका बमोजिम हुनु पर्नेछः

| **क्र. सं.** | **मापदण्ड** | **अस्पतालको शैया संख्या** | | |
|---|---|---|---|---|
| | | ५ | १० | १५ |
| १ | डाक्टरको डयूटी रुम, प्यान्ट्री, आईसोलेशन रुम, ट्रिटमेण्ट रुम, शौचालय आदिको व्यवस्था | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| २ | शैया बीच कम्तिमा ५ फिट तथा भित्ताबाट कम्तिमा २ फिटको दुरी | √ | √ | √ |
| ३ | अस्पतालमा बच्चा, सुत्केरी, अब्जर्भेसन तथा सरुवा रोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था | √ | √ | √ |
| ४ | जनरल शैयाको हकमा ४ देखि ६ शैयाको अनुपातमा १ स्टाफ नर्सको व्यवस्था भएको | √ | √ | √ |
| ५ | लेबर रुमको छुट्टै व्यवस्था भएको | √ | √ | √ |
| ६ | लेबर रुम र एक्टिभ लेबर वार्डको लागि छुट्टै शौचालयको व्यवस्था भएको | √ | √ | √ |
| ७ | प्रसुति हुनु अगावैका विरामी भर्ना गर्नका लागि pre-labour ward को व्यवस्था हुनुपर्ने | - | - | √ |
| ८ | लेबर रुम र लेबर टेलको हकमा विरामीको चाप अनुसार तय गर्नुपर्ने | - | - | √ |
| ९ | प्रति लेबर टेबल २ जना मिडवाईफ वा SBA तालिम प्राप्त नर्स हुनुपर्ने र एक्टिभ लेबर वार्डको हकमा प्रति २ शैया १ जना मिडवाईफ वा SBA तालिम प्राप्त नर्सको व्यवस्था हुनुपर्ने | - | - | √ |
| १० | Active Labour Ward र लेबर रुम जोडिएको हुनु पर्नेछ | - | - | √ |

**(ग) आकस्मिक विभागः-** आकस्मिक विभाग सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनु पर्नेछ :

(१) अस्पतालमा कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ।

(२) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(३) आकस्मिक कक्ष संचालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे, इमेजिङ सेवा, प्रयोगशाला, ओ.पि.डि. तथा व्हिलचेर, ट्रलि, स्ट्रेचर लैजान ल्याउन विरामी सजिलै समेत वार्डहरुमा अन्य सार्न सकिने

गरी संचालनमा ल्याएको हुनु पर्नेछ।

(४) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज क्षेत्र, निसंक्रमण कक्ष, चेन्जिङ रुम, मेडिकोलिगलका लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनु पर्नेछ।

(५) अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकलमा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ।

(६) आकस्मिक विभागबाट विरामी भर्ना गर्न, रिफर गर्ने विरामीको रेफरल प्रकृया तथा विरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित रहेको हुनु पर्नेछ।

(७) प्रकोपजन्य रोगहरु प्राकृतिक प्रकोप जस्ता पक्षहरूलाई बिचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपद् व्यवस्थापन योजना बनाएको र अघ्यावधिक गरेको हुनुपर्नेछ।

(८) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तिमा Basic life support/Primary Trauma Care/Advance Cardiac Life Support/Advance Trauma life Support/Primary Emergency care आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ।

(९) शैयाका आधारमा सेवाको मापदण्ड देहायको तालिका बमोजिम हुनु पर्नेछः

| क्र. सं. | मापदण्ड | अस्पतालको शैया संख्या | | |
|---|---|---|---|---|
| | | ५ | १० | १५ |
| १ | कुल शैया क्षमताको कम्तिमा दश प्रतिशत आक्कस्मिक कक्षमा शैयाहरूको उपलब्धता | १ | १ | २ |
| २ | आकस्मिक कक्षवाट अल्ट्रासाउण्ड, एक्सरे, इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य सेवाहरुमा सजिलै विरामी त्याउन लैजान सकिने ब्यवस्था (व्हिलचेर/ट्रली जान सक्ने अवस्था) | √ | √ | √ |
| ३ | आपतकालीन सेवाका लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्षमा सहज रुपमा आउन जान सक्ने अवस्था | √ | √ | √ |
| ४ | आवश्यक सेवा दिनका लागि आकस्मिक कक्षको कोठा उपलब्धता | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| ५ | दक्ष स्वास्थ्यकर्मीबाट (२५ भन्दा कम शैया क्षमता स्वास्थ्यकर्मी, ५० र सो भन्दा माथिको क्षमता भएका अस्पतालहरुमा चौबीसै घण्टा चिकित्सक सेवा उपलब्ध हुने व्यवस्था) | √ | √ | √ |
| ६ | आकस्मिक सेवामा काम गर्ने जनशक्ति तालिम प्राप्त | √ | √ | √ |
| ७ | आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा उपलब्ध हुने व्यवस्था | √ | √ | √ |
| ८ | आकस्मिक विभागबाट विरामी भर्ना गर्न, रिफर हुने भए रिफरल प्रक्रिया र विरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको | √ | √ | √ |
| ९ | संचार सुविधा (टेलिफोन, ईन्टरनेट, आदि) | √ | √ | √ |
| १० | शुद्ध खानेपानीको व्यवस्था | √ | √ | √ |
| ११ | शौचालय र शौचालयमा प्रयाप्त पानीको व्यवस्था | √ | √ | √ |
| १२ | सार्वजनिक टेलिफोन सेवा | √ | √ | √ |

## परिच्छेद - ६
## जनशक्ति व्यवस्थापन सम्बन्धी मापदण्ड

१९. **जनशक्ति व्यवस्थापन सम्बन्धि मापदण्डः** जनशक्ति व्यवस्थापन सम्बन्धि मापदण्ड देहाय बमोजिम हुनु पर्नेछः

**(क) सुशासन तथा व्यवस्थापनका लागि जनशक्तिः**

| क्र.सं. | पद | आधारभूत अस्पताल | | |
|---|---|---|---|---|
| | | ५ शैया | १० शैया | १५ शैया |
| १ | मेडिकल डाइरेक्टर/मेडिकल सुपेरिटेनडेन्ट | १ (मे.अ.) | १ (मे.अ.) | १ (मे.ज.) |

*मे.अ. — मेडिकल अधिकृत, मे.ज.- मेडिकल जनरलिष्ट

**(ख) क्लिनिकल सेवाका लागि जनशक्तिः**

| क्र.सं. | पद | आधारभूत अस्पताल | | |
|---|---|---|---|---|
| | | ५ शैया | १० शैया | १५ शैया |
| १ | Gynecologist and Obstetrician | - | - | १ |

| | | | | |
|---|---|---|---|---|
| २ | Pediatrician | - | - | १ |
| ३ | General Practioner (MDGP) | - | - | १ |
| ४ | Medical Officer | १ | १ | २ |
| ५ | Nursing Officer | - | १ | १ |
| ६ | Staff Nurse | ४ | ४ | ७ |
| ७ | Paramedics (HA/AHW) | २ | ४ | ५ |
| ८ | Pharmacy Officer | - | १ | १ |
| ९ | Assistant Pharmacy | १ | १ | १ |
| १० | Anaesthia Assistant | - | - | १ |
| ११ | Dental Hygienist | - | - | १ |

**(ग) अस्पताल सहयोग सेवाका लागि जनशक्तिः** अस्पताल सहयोग सेवाका लागि आवश्यक पर्ने कार्यालय सहयोगी, धारा, बिजुली, बगैचाको व्यवस्था, सुरक्षाको प्रबन्ध, सवारी चालक लगायत सहायक कार्यका लागि सेवा करार, दरबन्दी वा आउटसोर्सिङ गरी आवश्यकता अनुसार सेवाको सुनिश्चितता गरेको हुनु पर्नेछ।

## परिच्छेद - ७
## अक्सिजन, औजार तथा उपकरणहरु

२०. **अक्सिजन सम्बन्धि व्यवस्थाः** अस्पतालमा अक्सिजन ग्यास निरन्तर रुपमा आपूर्तिको व्यवस्था हुनु पर्नेछ।

२१. **उपकरण सम्बन्धि व्यवस्थाः** (१) रेडियो इमेजिङ उपकरण सम्बन्धि व्यवस्था परिच्छेद ८ को दफा (३८) बमोजिम हुनेछ।

(१) प्रयोगशाला उपकरण सम्बन्धि व्यवस्था परिच्छेद ८ को दफा (३९) बमोजिम हुनेछ।

(२) Cardiac उपकरण देहाय बमोजिम हुनु पर्नेछ।

| SN | Name of the Equipment | Type of Health Organization | |
|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed |
| 1 | Ordinary ECG machine | 0 | 1 |

| | | | |
|---|---|---|---|
| 2 | Pulse Oximeter | 1 | 2 |
| 3 | B.P. apparatus table model | 2 | 4 |
| 4 | Stethoscope | 2 | 4 |

(३) Operation Theatre सम्बन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ।

| **SN** | **Name of the Equipment** | **Type of Health Organization** | |
|---|---|---|---|
| | | **Basic Health Center** | **5-15 Bed** |
| 1 | Auto Clave HP Vertical (2 bin) | 0 | Optional |
| 2 | Operation Table Hydraulic Major | 0 | 1 |
| 3 | Operation Table Hydraulic Minor | 0 | 1 |
| 4 | Autoclave vertical single bin | 1 | 2 |
| 5 | Focus lamp ordinary | 1 | 2 |
| 6 | Sterilizer Medium (Instrument) | 0 | 1 |
| 7 | Sterilizer Small (Instrument) | 1 | 1 |
| 8 | Bowl sterilizer-medium | 0 | 1 |
| 9 | Diathermy machine (Electric Cautery) | 0 | 1 |
| 10 | Suction Apparatus- Electrical | 0 | 2 |
| 11 | Suction Apparatus (foot operated) | 1 | 2 |
| 12 | Dehumidifier | 0 | 1 |
| 13 | Ultra Violet Lamp | 0 | 1 |
| 14 | Ethylene Oxide Sterilizer | 0 | 1 |
| 15 | Microwave sterilizer | 0 | 1 |

(४) अस्पतालमा प्याथोलोजी सम्बन्धि उपकरण देहाय बमोजिम हुनु पर्नेछ।

(क) Microbiology Bacteriology:

| **S.N.** | **Name of the Equipment** | **Types of Health Organization** | |
|---|---|---|---|
| | | **Basic Health Centre** | **5-15 Bed** |
| 1 | Incubator | 0 | 1 |
| 2 | Hot Air Oven | 0 | Optional |
| 3 | Microscope | 0 | 1 |
| 4 | Centrifuge/Rotator | 0 | 1 |
| 5 | Refrigerator | 0 | 1 |
| 6 | Auto pipette | 0 | 3 |

(ख) **Biochemistry:**

| S.N. | Name of the Equipment | Types of Health Organization | |
|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed |
| 1 | Semi Auto Analyzer | 0 | Optional |
| 2 | Centrifuge/Rotator | 0 | 1 |
| 3 | Hot Air Oven | 0 | Optional |
| 4 | Refrigerator | 0 | 1 |
| 5 | Micro pipettes | 0 | 1 |

(ग) **Haematology:**

| S.N. | Name of the Equipment | Types of Health Organization | |
|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed |
| 1 | Microscope (Binocular) | 0 | 1 |
| 2 | Blood cell counter (18 parameters or above) | 0 | 1 |
| 3 | Centrifuge/Rotation | 0 | Optional |
| 4 | Colorimeter | 0 | Optional |
| 5 | Hot air oven | 0 | Optional |
| 6 | Refrigerator | 0 | Optional |
| 7 | Counting Chamber | 0 | 1 |
| 8 | Computer with Printer | 0 | Optional |
| 9 | Micro pipette | As per need | |

(घ) **Histopathology:**

| SN | Name of the Equipment | Types of Health Organization | |
|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed |
| 1 | Microscope (Binocular) | 0 | 1 |
| 2 | Incubator | 0 | Optional |
| 3 | Micro pipette | As per need | |

(ङ) **Microbiology, Virology, Serology:**

| S.N. | Name of the Equipment | Types of Health Organization | |
|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed |
| 1 | Water Bath | 0 | 1 |
| 2 | Hot air oven | 0 | 1 |
| 3 | Multi-channel micro pipette | 0 | 1 |
| 4 | Variable Micro pipette | As per need | |

| | | | |
|---|---|---|---|
| 5 | Incubator | 0 | 1 |
| 6 | Centrifuge | 0 | 1 |
| 7 | Weighing balance | 0 | 1 |
| 8 | Autoclave vertical | 0 | Optional |
| 9 | Stopwatch | 0 | 1 |

(५) अस्पतालमा एनेस्थेसिया (Anesthesia) सम्बन्धि उपकरण देहाय बमोजिम हुनु पर्नेछ।

| S.N. | Name of the Equipment | Types of Health Organization | |
|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed |
| 1 | Endo Tracheal tube sets | 0 | 1 |
| 2 | Air way (Female) | 0 | 1 |
| 3 | Air way (Male) | 0 | 1 |
| 4 | Mouth Prop | 0 | 1 |
| 5 | Tongue Depressors | 0 | 2 |
| 6 | $O_2$ cylinder for Boyles | 0 | 1 |
| 7 | Boyles Apparatus with Fluotec and circle absorber | 0 | Optional |
| 8 | Oxygen Concentrator/Cylinder | 1 | 1 |
| 9 | Monitors ECG, NIBP, $SPO_2$ with IBP | 0 | 1 |
| 10 | Transport Monitor ECG, $SPO_2$, NIBP | 0 | 1 |
| 11 | Portable USG | As Mentioned in Radio imaging Section | |
| 12 | Mac Coy Laryngoscope | 0 | 12 |
| 13 | Intubating LMA 3,4 | 0 | 13 |
| 14 | Double Lumen Tube | 0 | 14 |
| 15 | AMBU bag/Mask | 1 | 15 |
| 16 | Defibrillator | 0 | 16 |

(६) Labour ward, Neonatal & Special Newborn Care Unit (SNCU) भएका अस्पतालहरुमा उपकरण देहाय बमोजिमका उपकरणहरु हुनु पर्नेछ।

| S.N. | Name of the Equipment | Types of Health Organization | |
|---|---|---|---|
| | | Basic Health Centre | 5-15 Bed |
| 1 | Emergency Resuscitation Kit-Baby | 1 | 2 |
| 2 | Standard weighing scale | 1 | 2 |
| 3 | Double-outlet Oxygen Concentrator | Optional | Optional |

| | | | |
|---|---|---|---|
| 4 | Radiant Warmer | Optional | 1 |
| 5 | Foetal Doppler | 1 | 2 |
| 6 | Delivery Kit | 1 | 2 |
| 7 | Episiotomy kit | 1 | 2 |
| 8 | Forceps Delivery kit | Optional | 1 |
| 9 | Silastic vacuum extractor | Optional | 1 |
| 10 | Pulse Oxymeter baby & adult | 1 | 2 |
| 11 | Nebulizer baby | 1 | 2 |
| 12 | Weighing machine adult | 1 | 2 |
| 13 | Weighing machine infant | 1 | 2 |

(७) Eclampsia Room भएका अस्पतालमा Eclampsia उपचारका लागि देहाय बमोजिमका उपकरणहरु हुनु पर्नेछ।

| S.N. | Equipment | Number |
|---|---|---|
| 1 | ICU Beds | 2 |
| 2 | Emergency Resuscitation Tray (Adult) including intubation equipment | 3 |
| 3 | BP Apparatus | 3 |
| 4 | Cardiac Monitor | 2 |
| 5 | Pulse oximeter | 2 |
| 6 | Airway (Female) | 2 |
| 7 | Nebulizer | 1 |
| 8 | Oxygen Supply (Central) | 2 |
| 9 | Suction Apparatus (Electrical) | 2 |
| 10 | Suction Apparatus (Foot) | 1 |
| 11 | Wall Clock | 1 |
| 12 | Torch | 1 |
| 13 | Emergency Call Bell | 2 |
| 14 | Stethoscope | 2 |

(८) (Special Newborn Care Unit (SNCU) भएका अस्पतालमा सो सम्बन्धित देहाय बमोजिमका उपकरणहरु हुनु पर्नेछ।

| S.N. | Equipment | Number |
|---|---|---|
| 1 | Electronic weighing scale | 5 (essential) |
| 2 | Infantometer | 5 (essential) |
| 3 | Emergency drugs trolley | 5 (essential) |
| 4 | Procedure trolley | 5 (essential) |

| | | |
|---|---|---|
| 5 | Wall clock with seconds hand | 1 for each room |
| 6 | Refrigerator | 1 for the unit |
| 7 | Spot lamp | 5 (essential) |
| 8 | Portable x-ray machine | 1 for the unit (essential) |
| 9 | Basic surgical instruments e.g., fine scissors, scalpel with blades, fine artery forceps, suture material & needles, towel, clips etc. | 1 set per bed (essential) |
| 10 | Nebulizer | 1 for the unit |
| 11 | Multi-channel monitor with non-invasive BP monitor (3 size:0,1,2-disposable in plenty-reusable neonatal probe, at least 4) | 4 (desirable) |
| 12 | Room Thermometer | 4 (essential) |

(९) Special Newborn Care Unit भएका अस्पतालमा निर्मलिकरणका लागि देहाय बमोजिमका उपकरणहरु हुनु पर्नेछ।

| S.N. | Equipment | Number |
|---|---|---|
| 1 | Electric heater/boiler | 2 (essential) |
| 2 | Washing machine with dryer (separate) | 1 (essential) |
| 3 | Electronic fumigator | 2 (essential) |
| 4 | Vacuum Cleaner | 1 (essential) |
| 5 | Gowns for doctors, nurses, neonatal aides, Group D staff & mothers | Adequate number of each size (essential) |
| 6 | Washable slippers | Adequate number of each size (essential) |
| 7 | Vertical Autoclave | 1 (essential) |
